नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा आएको उजुरी गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेसपोन्स मोडालोटि) अनुगमन निरीक्षण गर्ने क्रममा उजुरी गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०३।१७ र २०८३।०३।१९ मा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार विभागको अनुगमन टोलीले अनुगमन निरीक्षण गरी तालिकामा उल्लेख गरिए अनुसारको आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | एन.एस ग्रुपइन्डष्ट्रिज प्रा. लि टोखा नगरपालिका - ८, काठमाडौं | • उद्योगमा सरसफाइ संतोषजनक नपाइएको<br>• उद्योगको परिसरमा पानी भरेर बजारमा लैजान लागेका टुटे, फुटेका, कुच्चिएका जार पाइयो<br>• उद्योगको प्रशोधन कक्षमा लगाइएको टायल जीर्ण अवस्थामा रहेको पाइयो। | • उद्योगमा टुटे, फुटेका, कुच्चिएका चौवालिस (४४) थान जार नष्ट गरिएको<br>• प्रशोधन कक्षमा भुइँमा रहेको टायलको मर्मत गरी पाँच (५) दिन भित्र सुधार गरेको प्रमाण सहित विभागमा उपस्थित हुने निर्देशन दिइएको<br>• प्रयोगशाला परिक्षणका लागि नमूना संकलन गरिएको। |
| २. | अधिकारी तेल मिल काठमाडौं मा. न. पा. - ३, बसुन्धारा | • उद्योगमा सरसफाइ सन्तोषजनक नपाइएको<br>• खाद्य पदार्थलाई पानी सँगै एउटै ठाउँमा राखेको पाइएको | • प्रशोधन तथा भण्डारण कक्ष अलग्गै व्यवस्थापन गर्ने निर्देशन दिइएको<br>• सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिइएको |

| | | | |
|---|---|---|---|
| | | • प्रशोधन, भण्डारण कक्ष अलग्गै नरहेको।<br>• पूर्ण लेबल विवरण नखुलेको खाद्य वस्तु भेटिएको। | • पूर्ण लेबल विवरण नखुलेको एक (१) लिटर नरिवल तेल, पाँच (५) के. जी. (काजु ,बदाम, फर्सीको बिया) आपूर्तिकर्तालाई फिर्ता गर्न लगाइएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्या :२** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
मिति २०८३-०३-२४

**<u>अनुगमनका केही झलकहरू</u>**











